का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ कातिक २०८१,
बिहीबार
31 October, 2024
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २५५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

नेपालीहरूको महान् चाड
शुभ-दिपावली तथा
नेपाल सम्वत ११४५ साथै छठ पर्व २०८१
को सुखद् अवसरमा हाम्रा सम्पूर्ण पाठकबर्ग, विज्ञापनदाता, बिक्रेता एवं स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सम्वृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मध्यान्ह दैनिक
परिवार

आगामी अंक २०८१ कात्तिक २० गते प्रकाशित हुनेछ ।

# चिनियाँ कार्ड देखाउँदै प्रधानमन्त्री

**प्रधानमन्त्री केपी शर्मा ओलीले पहिले भारतको राजकीय भ्रमण चाहेका थिए । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सकारात्मक भएनन् । त्यसपछि प्रधानमन्त्री स्तरको चीन भ्रमण गराएर भारतलाई नजिक्याउने प्रयासमा सत्तारुढ दलका नेताहरु लागेका हुन् ।**



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

सरकारले प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका लागि पहल गरेको छ । परराष्ट्र मन्त्रालयमार्फत प्रधानमन्त्री ओलीको चीन भ्रमणको पहल भएको सरकारी अधिकारीहरू बताउँछन् ।

नेपालबाट आगामी नोभेम्बर अर्थात् मंसिर दोस्रो साताभित्र प्रधानमन्त्री ओलीले चीन भ्रमण गर्ने गरी तयारी भएको छ । चिनियाँ पक्षले स्वीकार गरेको खण्डमा प्रधानमन्त्री ओलीको चौथो कार्यकालको औपचारिक पहिलो विदेश भ्रमण चीनको हुनेछ ।

प्रधानमन्त्री ओलीले पहिले भारतको राजकीय भ्रमण चाहेका थिए । तर, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी सकारात्मक भएनन् । त्यसपछि प्रधानमन्त्री स्तरको चीन भ्रमण गराएर भारतलाई नजिक्याउने प्रयासमा सत्तारुढ दलका नेताहरू लागेका हुन् ।

गत असोजमा प्रधानमन्त्री ओली संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिका गएका थिए । त्यसबेला प्रधानमन्त्री ओलीले असोज ६ गते भारतीय प्रधानमन्त्री मोदीसँग भेटेका थिए ।

उक्त साइडलाइन भेटमा प्रधानमन्त्री ओलीले समकक्षी मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । तर मोदी प्रधानमन्त्री ओलीलाई भारत भ्रमणको निम्तो दिएनन् । त्यसपछि ओलीले चीनको भ्रमण गर्न चाहेका हुन् ।

चीनस्थित नेपाली दूतावासले प्रधानमन्त्री ओलीको भ्रमणका लागि समन्वय गरिरहेको छ । नेपाली कांग्रेस र नेकपा एमालेको पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## बोर्डका कार्यकारी निर्देशक डा. उप्रेतीलाई पदबाट नहटाउन अन्तरिम आदेश

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ कात्तिक

सर्वोच्च अदालतले वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिकाप्रसाद उप्रेतीलाई पदबाट नहटाउन अन्तरिम आदेश जारी गरेको छ । बुधबार सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले अर्को आदेश नभएसम्म डा. उप्रेतीलाई बोर्डको कार्यकारी निर्देशकको जिम्मेवारीबाट नहटाउन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका नाममा आदेश जारी गरेको हो ।



डा. उप्रेती २०७९ भदौ ६ गते चार वर्षका लागि बोर्डको कार्यकारी निर्देशक नियुक्त भएका थिए । तर डेनमार्कका लागि अवैतनिक श्रम दूत बनाइदिने भन्दै एक व्यक्तिबाट २० लाख घुस लिएको भन्दै उप्रेतीविरुद्ध उजुरी परेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा परेको उजुरीसहित कारबाही गर्न श्रम मन्त्रालयलाई पत्राचार गरेपछि मन्त्रालयले डा. उप्रेतीलाई मन्त्रालयमा तानेर कारबाही शुरू गरेको थियो ।

मन्त्रालयले उपसचिव शारदा राउतको नेतृत्वमा छानबिन समिति गठन गरेको छ । उप्रेतीले दुई दिन लगातार समितिमा बयान दिएका छन् । त्यसपछि बिदा बसेका उप्रेती रिट लिएर सर्वोच्च अदालत गएका हुन् । छठपछि मात्रै उप्रेतीविरूद्धको छानबिन टुंगोमा पुऱ्याउने मन्त्रालय स्रोतले बताएको छ ।

उप्रेतीले वैदेशिक रोजगार नियमावलीमा गरिएको व्यवस्था विपरीत आफूलाई हटाएको जिकिर गरेका छन् । उनको जिकिरलाई समर्थन गर्दै सर्वोच्चको आदेशमा भनिएको छ, 'वैदेशिक रोजगार ऐन, २०४१ मा बोर्डको प्रशासनिक प्रमुखको काम, कर्तव्य र अधिकारअन्तर्गत प्रशासनिक प्रमुखको रुपमा निजले दैनिक कार्यसम्पादन गर्नुपर्ने कार्य परिभाषित गरिएको परिप्रेक्ष्यमा लिखित स्पष्टीकरण सोधिएको मितिमै निवेदकको पदमा अर्को व्यक्तिलाई जिम्मेवारी प्रदान गरेको कार्य प्रथम दृष्टिमा नै उचित र उपयुक्त मान्न मिलेन । अतः चार वर्षको अवधिका लागि मिति २०७९ भदौ ८ मा नियुक्ति पाएको यी निवेदकलाई सो अगावै कार्यजिम्मेवारीबाट मुक्त गर्दा निवेदकको हकको हनन हुने अवस्था देखिँदा सुविधा र सन्तुलनको दृष्टिले २०८१ कात्तिक ६ को विपक्षी मन्त्रालयको चलानी पृष्ठ २ मा

# घरेलु मैदानमा निराश नेपाल



*दशरथ रंगशालामा प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा विजयी टिम बंगलादेशका खेलाडीहरुलाई पुरस्कार प्रदान ।*

बंगलादेशलाई हराउँदै साफ वुमन्स च्याम्पियनसिपको कीर्तिमानी उपाधि जित्ने नेपालको सपना फेरि अधुँरै रह्यो । सँगै, घरेलु मैदान दशरथ रंगशालामा बंगलादेशसँग पराजित भएसँगै नेपाल १२औं पटक पनि अन्तर्राष्ट्रिय उपाधि जित्न असफल रह्यो ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

दशरथ रंगशालामा बुधबार मात्र टिकट खुला गरिएको थियो । यसको कारण थियो, आइतबारको अस्तव्यस्त व्यवस्थापन ।

तर आइतबार नेपालले भारतलाई हराउँदै साफ वुमन्स च्याम्पियनसीपको फाइनलमा प्रवेश गरेको थियो । मंगलबार उपाधिका निम्ति बंगलादेशसँग भिड्नुपर्ने थियो । भारतलाई हराएर बंगलादेशसँग उपाधि भिड्ने भएकाले रंगशालामा थेक्न सक्ने अवस्था थिएन ।

किनकि यो रंगशाखमा १५ हजार दर्शक मात्र अटाउँछ । तर फाइनल खेल हेर्न इच्छुकहरुको संख्या यतिले पुग्ने अवस्था नै थिएन । त्यसैले बुधबार साँझ ५:३० पृष्ठ २ मा

### अन्तःशुल्क स्टिकर छपाइमा भ्रष्टाचार

# निलम्बित मुख्यसचिव अर्यालले पाए सफाइ

**भावना पाठक / मध्यान्ह**
काठमाडौं, १४ कात्तिक ।

निलम्बित मुख्यसचिव डा. वैकुण्ठ अर्यालले अन्तःशुल्क स्टिकर छपाइमा भएको भनिएको भ्रष्टाचार मुद्दामा सफाइ पाएका छन् ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य न्यायाधीशद्वय खुशीप्रसाद थारू र रितेन्द्र थापाको इजलासले बुधबार अर्याललाई सफाइ दिएको हो ।



'...निजले राष्ट्रिय आवश्यकता र महत्वको आयोजना कार्यान्वयन गर्ने सवनियतले काम गरेको देखिँदा निज प्रतिवादीबाट नेपाल सरकारको सम्पत्ति हानीनोक्सानी गरेको र आफूलाई निजी लाभ लिने बदनियत लिएको भन्ने आरोपवावी पुष्टि हुन नसकी निज प्रतिवादीले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ' फैसलामा भनिएको छ ।

अगाडि भनिएको छ, 'प्रतिवादी डा. वैकुण्ठ अर्यालले राष्ट्रिय सुरक्षण मुद्रण केन्द्रका लागि राष्ट्रिय बजेटबाट नै एलएमबीएस माध्यमबाट बजेट विनियोजन भएको देखिएको सुरक्षण मुद्रण केन्द्रका निर्देशक प्रतिवादी विकल पौडेलले सो बजेट र खरिद योजना स्वीकृतिका लागि प्रतिवादी रहेका निज सचिव समक्ष पेस गरेको, निजले मन्त्रालयको सचिवको हैसियतमा बजेट र खरिद गुरुयोजना स्वीकृत गर्दा सो बजेट हुबहु स्वीकृत गरेको देखिँदा बजेटको भावनामा तात्विक फरक पर्ने अवस्था देखिन आएन ।'

अन्तःशुल्क स्टिकर भ्रष्टाचार मुद्दामा निलम्बित मुख्यसचिव अर्यालसहित १० जनाले सफाइ पाएका हुन् । विशेषले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी पृष्ठ २ मा



## मन्त्रिपरिषद्को निर्णय

# फालेलुङ विस्फोटमा परी मृत्यु भएका परिवारलाई पाँच लाख आर्थिक सहायता दिइने

**काठमाडौं/मस-** मन्त्रिपरिषद्ले पाँचथर जिल्लाको फालेलुङ गाउँपालिका वडा नं ५ मा भएको विस्फोटमा परी मृत्यु भएका दिप्सन साँवा र प्रिन्सा साँवाको एकाघरको परिवारलाई प्रतिपरिवार बिलबमोजिम बढीमा रु.पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज आयोजित पत्रकार सम्मेलनमा यही कात्तिक ८ गतेको मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्तासमेत रहेका पृथ्वीसुब्बा गुरुङले सो आर्थिक सहायता दिने निर्णय गरेको जानकारी दिए ।

त्यस्तै मन्त्रिपरिषद्ले बबई सिँचाइ आयोजनाका लागि बर्दिया जिल्ला, गुलरिया नगरपालिकामा करिब ६५ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । बैठकले वि.सं २०८१ कात्तिक २१ देखि २७ सम्म मेक्सिकोमा दुईपक्षीय र बहुपक्षीय बैठकहरूमा सहभागी हुन कृषि तथा पशुपन्छी विकासमन्त्रीलाई स्वीकृति प्रदान गर्ने गरेको छ ।

मन्त्रिपरिषद्ले स्लोभानियासमेतका विभिन्न ११ स्थापनका अवैतनिक वाणिज्यदूत/ महावाणिज्यदूतहरूको पदावधि एक अवधि चार वर्षका लागि थप गर्ने निर्णय गरेको छ । वि.सं २०८१ मङ्सिर २५ देखि २७ सम्म फिलिपिन्सको मनिलामा आयोजना हुने एसियास्तरको १६ औं क्षेत्रीय वातावरणीय दिगो यातायात मञ्चमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

यही कात्तिक १३ देखि १५ सम्म कतारमा आयोजना हुने 'फेम्ली एन्ड कन्टेम्पोररी मेगाट्रेन्ड' विषयक सम्मेलनमा माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय बैठकले गरेको छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत ठूलो खोला जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन आयोजना निर्माणका लागि म्याग्दी जिल्लाको रघुगङ्गा गाउँपालिकामा रहेको राष्ट्रिय वनको कूल ६ दशमलव ०६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय भएको छ ।

सरकारले जनकशिक्षा सामग्री केन्द्र



लिमिटेडलाई हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाण पुर्जा र भिसा स्टिकर छपाइ गर्न स्वीकृति दिने निर्णय गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित तराई मधेस समृद्धि कार्यक्रमअन्तर्गत आव २०८१/८२ का लागि अधिकृतस्तरका तीन अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णयसमेत गरेको छ ।

सोही मन्त्रालयअन्तर्गतको सीमा प्रशासन कार्यालय व्यास छाङरु दार्चुला, सीमा प्रशासन कार्यालय पशुपतिनगर इलाम र अध्यागमन कार्यालय पशुपतिनगर इलाम खारेज गर्नुका साथै अध्यागमन कार्यालय कोरोला मुस्ताङ, अध्यागमन तथा सीमा प्रशासन कार्यालय टिङ्कर दार्चुला र अध्यागन तथा सीमा प्रशासन कार्यालय पशुपतिनगर इलामको संगठन संरचना र दरबन्दी तैरिज स्वीकृत गर्ने निर्णय भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको नेपाल फार्मेसी परिषद्को सदस्य पदमा डा सभ्यता गौतम, काठमाडौं र विष्णुप्रसाद कँडेल, बागलुङलाई मनोनयन गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको मन्त्री गुरुङले जानकारी दिए ।

बैठकले नेपाल प्रशासन सेवा समूहीकरणतर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको रिक्त एक पदमा कायममुकायम प्रमुख सचिव रघुराम विष्टलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशमा पदस्थापन गर्ने, डा.जगत्बहादुर बस्नेत, सिन्धुपाल्चोक सदस्य (विज्ञ), टेकबहादुर शाह, कैलाली-सदस्य (विज्ञ), गोवर्द्धन कोली, दार्चुला-सदस्य (दलित), आरती भण्डारी, तनहुँ (महिला)-सदस्य रहेको छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गतको माछा खोला जलविद्युत् आयोजना निर्माणका लागि गोरखा जिल्लाको धार्चे गाउँपालिकामा रहेको राष्ट्रिय वनको ४ दशमलव ९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको नेपाल संस्कृत विश्वविद्यालयको जग्गा तथा सम्पत्ति खोजबिन समितिको म्याद दुई महिना थप गर्ने निर्णय गरेको छ ।

बैठकले २०८१ कात्तिक २८ र २९ मा स्पेन सरकारको आयोजनामा स्पेनको म्याड्रिडमा आयोजना हुने 'टुवार्ड ए लेबर इन्टरनेसनल' को सम्मेलनमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रस्तावमा 'युनाइटेड नेसनक हुमन सेटलमेन्ट प्रोग्रा(युन-ह्याविटाट) को आयोजनामा इजिप्टको कायरोमा २०८१ कात्तिक १९ देखि २३ सम्म आयोजना हुने कार्यक्रममा सहभागी हुन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई स्वीकृति प्रदान गर्ने निर्णय भएको छ ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण नियमावली, २०८१ स्वीकृत गर्ने र विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ स्वीकत गर्ने निर्णय गरेकोसमेत मन्त्री गुरुङले जानकारी दिए ।

त्यस्तै मन्त्रिपरिषद्को यही कात्तिक १३ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूमा अर्थ मन्त्रालयको प्रस्तावमा नेपाल सरकार र भारतीय एक्जिम बैंकबीच भएको ऋण सम्झौताको 'लाइन अफ क्रेडिट' संशोधन गरी क्रमशः ३५० मिलियन अमरिकी डलर र ५० मिलियन अमेरिकी डलर कायम गर्न स्वीकृति दिने निर्णय भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको प्रस्तावमा नयाँ बुटवल लमही ४०० केभी प्रसारण लाइन आयोजनाको टावर प्याड निर्माण गर्न रूपन्देही, कपिलवस्तु, अर्घाखाँची र दाङ जिल्लामा करिब शून्य दशमलव २६ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिने निर्णय भएको छ ।

गृह मन्त्रालयको प्रस्तावमा नेपाल प्रहरीको जनपद समूहतर्फको रिक्त प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायब महानिरीक्षक किरण राणालाई बढुवा गरी प्रदेश समन्वय विभाग र नक्सालमा र प्राविधिक स्वास्थ्य समूहतर्फको रिक्त प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्राविधिक प्रहरी नायब महानिरीक्षक डा.सुन्दर प्रसाद ह्योजुलाई बढुवा गरी नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा पदस्थापन गर्ने निर्णय भएको छ ।

परराष्ट्र मन्त्रालयको प्रस्तावमा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा अजरबैजानको बाकुमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि पक्षराष्ट्रहरूको २९औं सम्मेलनअन्तर्गत 'वर्ल्ड लिडर्स क्लाइमेट एक्सन समिट' मा सहभागी हुन मिति २०८१ कात्तिक २५ देखि कात्तिक ३० सम्मको भ्रमण कार्यक्रम स्वीकृत गर्ने निर्णय भएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत सञ्चालित समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयको आयोजना कार्यान्वयन गर्न आर्थिक वर्ष २०८१/८२ का लागि अधिकृतस्तरको थप १० अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको छ ।

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको प्रस्तावमा भूमि समस्या समाधान आयोगको अध्यक्ष, उपाध्यक्ष र सदस्य पदमा देहायबमोजिमका व्यक्तिहरूलाई नियुक्त गर्ने निर्णय भएको छ । अध्यक्षतमा प्यूठानका हरिप्रसाद रिजाल, उपाध्यक्षमा जाजरकोटका सनतकुमार कार्की, सदस्यहरुमा महोत्तरीका गुञ्जबहादुर खड्का, झापाका अनिलकृष्ण प्रसाईं रहेका मन्त्री गुरुङले जानकारी दिए ।

# नवराजपुरमा २२औं हाजिरी जवाफ प्रतियोगिता सम्पन्न



**प्रदिप सिंह/मध्यान्ह**
लहान, १४ कात्तिक

सिरहाको नवराजपुर गाउँपालिका वडा नं १, गेरुवामा बजरंग युवा क्रिकेट क्लब गेरुवाहको आयोजनामा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ ।

२२ औं हाजिरी जवाफ प्रतियोगिताले विद्यार्थीहरूबीच कडा प्रतिस्पर्धा प्रस्तुत गरेको थियो । प्रतियोगितामा आठ विद्यालयका विद्यार्थीहरू सहभागी भएका थिए । जसमा मावि महदेवा पोर्ताहा प्रथम, मावि महेशवरी द्वितीय र मावि मोवाही तृतीय स्थानमा रहेका छन् ।

भगवानपुर, सखुवान्नकार्कट्टी, र नवराजपुरका जनप्रतिनिधिहरूको उपस्थिति तथा छात्राहरूको सामाचकेवा नृत्यले कार्यक्रमलाई सांस्कृतिक रंगमा रंगाइदिएको थियो ।

२ दशकदेखि निरन्तर चल्दै आएको यो प्रतियोगिता विद्यार्थीहरूको शैक्षिक विकास र आत्मविश्वास अभिवृद्धिका लागि प्रभावकारी मानिन्छ । क्लब अध्यक्ष राम बालक यादवका अनुसार, यस प्रतियोगिताले युवाहरूलाई नयाँ उत्साह र प्रेरणा प्रदान गर्दै आएको छ ।

कार्यक्रम संयोजक मनोज कुमार यादवको नेतृत्वमा सम्पन्न प्रतियोगिताले नवराजपुर क्षेत्रको शैक्षिक र सांस्कृतिक माहोललाई थप सुदृढ बनाएको छ ।

# पार्टी प्रशिक्षण कार्यक्रम सम्पन्न



**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १४ कात्तिक

नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र सानीभेरी गाउँपालिका ५ नम्बर वडा कमिटीको आयोजनामा कालिका आधारभूत विद्यालय सानीभेरी -५ घामताप्नेमा मंसिर १६ मा हुने उपनिर्वाचनलाई लक्षित गरी पार्टी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

प्रशिक्षण कार्यक्रममा कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री तथा हाल कर्णाली प्रदेश सभा सदस्य राजकुमार शर्माको प्रमुख आतिथ्यता तथा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र केन्द्रीय अनुसन्धान आयोगका सदस्य नरबहादुर पुन तारा तथा केन्द्रीय सदस्य जिल्ला इन्चार्ज बसन्त शर्मा (कुशल) विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा केन्द्रीय सदस्य तथा जिल्ला संयोजक गोविन्द रोका सचिन, केन्द्रीय सदस्य धनवीर ओली, कर्णाली प्रदेश सचिवालय सदस्य पहलसिं घर्ती ज्वलन्त, कर्णाली प्रदेश कमिटी सदस्य सर्वजित घर्ती योद्धालगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा पूर्वमुख्यमन्त्री शर्माले सबै जनता माओवादी केन्द्रतिर मोडिएको बताउँदै पार्टीको जित पक्का भएको दाबी गरे ।

## चिनियाँ...

संयुक्त सरकार बनेपछि भारतबाट विदेश सचिव विक्रम मिश्री नेपाल आएका थिए । विदेश सचिव मिश्रीको भ्रमणपछि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले भारतको औपचारिक भ्रमण गरिन । भारत भ्रमणका क्रममा परराष्ट्रमन्त्री डा. राणाले समेत भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्ता दिएकी थिइन ।

घटनाक्रमले भारतको भ्रमण तत्काल नहुने देखेपछि प्रधानमन्त्री ओलीले चीन भ्रमण गर्न खोजेका हुन् । प्रधानमन्त्री ओलीले नै चीन भ्रमणका लागि तयारी थाल्न परराष्ट्रलाई आग्रह गरेका थिए । त्यसपछि चिनियाँ रातदूतावास र चीन सरकारलाई अनौपचारिक रूपमा भ्रमण चाहेको जानकारी गराइएको छ ।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेका नेताहरू चीनले निम्त्याउँदा बेइजिङ जाने बताउँछन् । भारतले निम्तो गर्दा दिल्ली जाने भन्दै उनीहरू प्रधानमन्त्रीको चीन भ्रमणलाई भारत भ्रमणसँग जोड्नु उचित नहुने टिप्पणी गर्छन ।

नेताहरूका अनुसार यसअघि नै चीनले प्रधानमन्त्री ओलीलाई भ्रमणको निम्तो दिएको थियो । गत असार ३० गते ओली प्रधानमन्त्री पदमा नियुक्त भएलगत्तै चिनियाँ राजदूत छन सोङ बधाइ दिन पुगेका थिए । प्रधानमन्त्री कार्यालयका अधिकारीहरूका अनुसार बधाई भेटमा प्रधानमन्त्री ओलीसँग राजदूत सोङले चीन भ्रमणबारे छलफल गरेका थिए । अहिले भ्रमण गर्ने सन्देश दिएपछि चीनले स्वागत नेताहरू बताउँछन् ।

## बोर्डका...

नम्बर ४११ को पत्र एवम् सोसँग सम्बन्धित काम कारबाहीहरू प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागुन्जेलसम्म कार्यान्वयन नगर्नु, नगराउनु, यथास्थितिमा राख्नु र निवेदकलाई साविक नियुक्ति पत्र बमोजिम कामकाज गर्न दिनू, दिलाउनू ।'

मन्त्रालयले हालै मात्र मन्त्रालयमा सरुवा भइ आएका सहसचिव छविलाल भुसाललाई डा. उप्रेतीलाई कारबाही गरिएकै दिन बोर्डको कार्यकारी निर्देशकको जिम्मेवार प्रदान गरिएको थियो । सर्वोच्च अदालतले वैदेशिक रोजगार नियमावली २०६४को दफा ३२ बमोजिम बोर्डका कार्यकारी निर्देशकको पद रिक्त नभएको अवस्थामा भुसाललाई कार्यकारी निर्देशकको जिम्मेवारी प्रदान गर्नुपनि उचित नभएको आदेशमा उल्लेख गरेको छ ।

उप्रेतीको तर्फबाट वरिष्ठ अधिवक्ता हरिहर दाहाल, हरिप्रसाद उप्रेती, रामनारायण बिडारी, टिकाराम भट्टराई, नारायण प्रसाद भट्टराई र अधिवक्ता नारायण प्रसाद पराजुलीले बहस गरेका थिए ।

कार्यकारी निर्देशक डा. उप्रेतीमाथि विगतदेखि विभिन्न प्रकारका आक्षेप र आरोप लागेका छन् । वैदेशिक रोजगारमा जाने नेपाली कामदारको सामाजिक सुरक्षाका नाममा मलेसियाको निजी कम्पनीसँग सम्झौता गरेको बोर्डमा पारिवारिक व्यक्तिलाई अधिकृत स्तरको कर्मचारी नियुक्त गर्न निजी ल्यापटप प्रयोग गरी परीक्षा दिने अवसर दिएकोदेखि मन्त्रालयका महत्वपूर्ण कार्यक्रममा जानकारीबिना नै अनुपस्थित भएको, मन्त्रालयले दिएको निर्देशन अटेर गर्ने गरेको र बोर्डको जिम्मेवारीसमेत पूरा गर्न नसकेकोलगायतका आरोप उप्रेतीमाथि लगाउने गरिएको छ । तर उप्रेतीले आफूलाई पदबाट हटाउन चाहने पक्षले निराधार आरोप लगाउने गरेको बताउने गरेका छन् ।

## घरेलु...

बजे सुरु हुने खेलका निम्ति बिहान मात्र टिकट खुला गरिएको थियो ।

खेल हेर्न चाहनेहरुले बिहानैबाट लाइनमा उभिएर टिकट लिएका थिए । दशरथ रंगशालाले नपुग्ने अनुमानका साथ राजधानी उपत्यकाका टुडिखेल, चाबहिल लगायत सार्वजनिक स्थानमा भिडियोमा डिस्प्ले राखिएको थियो ।

युट्यूब, टेलिभिजन र अरु सामाजिक सञ्जालमा लाखौंले खेल हेरेका थिए । किनकि नेपालले यो खेल जित्दा तोडिन अधुँरो रहेको कीर्तिमान तोडिने थियो । त्यसैले खेलको पुरा समय श्वास रोकेर दर्शकले खेल हेरे ।

पहिलो हाफ गोल रहित बराबरी भयो । दोस्रो हाफमा ५ मिनेटभित्रै बंगलादेशले अग्रता लियो । लगत्तै नेपालले गोल बराबरी गर्‍यो । तर खेल सकिन १० मिनेट समय बाँकी रहँदा बंगलादेशले अग्रता लियो, र उपाधि जित्यो ।

यो उपाधि बंगलादेशले जितेसँगै नेपाल छैटौं पटक साफमा उपविजेतामै सीमित रह्यो । अन्तर्राष्ट्रिय प्रतिस्र्धामा चाहिँ उपाधि जित्न यो १२ औं असफलता हो । अर्थात् १४ वर्षमा नेपाल १२ औं पटक उपविजेता बन्यो ।

## निलम्बित...

निर्देशक विकल पौडेल र निर्देशक सफल श्रेष्ठ दोषी ठहर गरेर अन्य प्रतिवादीलाई सफाइ दिएको हो ।

सफाइ पाउनेमा मुख्यसचिव अर्यालसहित अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, भन्सार विभागका उपमहानिर्देशक टंकप्रसाद पाण्डे, आन्तरिक राजश्व विभागका तत्कालीन निर्देशक गणेशविक्रम शाही रहेका छन् ।

यसैगरी, रविन्द्रप्रसाद पौडेल, लेखा अधिकृत विष्णुप्रसाद गौतम, केन्द्रका शाखा अधिकृत हरिबल्लभ पौडेल, खरिद परामर्शदाता शक्तिप्रसाद श्रेष्ठ, प्रिन्टसेल प्रालि कम्पनी र उक्त कम्पनीका निर्देशक केशव शर्माले पनि सफाइ पाएका छन् ।

अन्तःशुल्क स्टिकर छपाइमा भ्रष्टाचार भएको दाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९ असार, २०८१ मा मुख्यसचिव डा. बैकुण्ठ अर्यालसहित १२ जना विरुद्ध भ्रष्टाचारमुद्दा दायर गरेको थियो ।

अख्तियारले मुख्यसचिव अर्याललाई सञ्चार सचिव हुँदा सुरक्षण मुद्रण केन्द्रको सञ्चालक समितिको अध्यक्षको हैसियतले पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको आरोप लगाएको थियो ।

अख्तियारले अर्याल सहित आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक रितेशकुमार शाक्य, उपमहानिर्देशक टंक प्रसाद पाण्डेय, निर्देशक गणेशविक्रम शाही, शाखा अधिकृत रविन्द्र प्राद पौड्याल विरुद्ध पनि मुद्दा लगाएको थियो ।

उक्त मुद्दामा विशेष अदालतले अर्यालसहित १० जनाले सफाइ पाउने फैसला गरेको हो ।


**साउदी र युएईमा रोजगार**

कम्पनी: YUKSEL INSAAT SAUDIA CO. शहर: DAMMAM
पुर्व स्वीकृत मितिः २०८१/०७/१३ चलानी नं.: ६०२२७४३७ L.T. No.: 312868

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labors | 65 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GCC Heavy Drivers | 18 | 0 | | 1500 | ५३,६१० | | | | | | | |

कम्पनी: UNIQUE STONE COMPANY LIMITED, शहर: Jeddah, पुर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४३५ L.T. No.: 312970

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LEBOUR | 1 | 0 | स. काममा दक्ष | 2000 | ७१,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FRESH FOOD COMPANY, शहर: ALSAHAFA, पुर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४३८ L.T. No.: 312971

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | KITCHEN BOY CLEANER | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 3 | 0 | | 1200 | ४२,८८८ | | | | | | | |

कम्पनी: T T E FACILITIES MANAGEMENT, शहर: Dubai, पुर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४३६ L.T. No.: 312936

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (MALE) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1099 | ३९,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANERS (FEMALE) | 0 | 19 | | 1050 | ३७,५२७ | | | | | | | |

कम्पनी: O C S FACILITIES MANAGMENT SERVICES, शहर: Dubai, पुर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४३४ L.T. No.: 313040

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (MALE) | 41 | 0 | सम्बन्धित काममा दक्ष | 1050 | ३७,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLEANERS (FEMALE) | 0 | 19 | | 1050 | ३७,५२७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कार्तिक २३ गते (8 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताखिसेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालय:- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), बिर्तामोड, झापा
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch office- 023-536663 | 9801433027 | 9801433031 | 9801433029

**कतारमा रोजगार**

कम्पनी : SILK GALLERY FOR TRADING AND HOME FURNITURE AND FURNISHINGS शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४४४ L.T. No.: 313059

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,५४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman (Male) | 2 | 0 | | 2800 | १०३,०९६ | | | | | | | |
| 3. | Labour | 1 | 0 | | 1300 | ४७,८६६ | | | | | | | |
| 4. | Purchasing Representative | 1 | 0 | | 2400 | ८८,३६८ | | | | | | | |
| 5. | Service Assistant | 1 | 0 | | 1500 | ५५,२३० | | | | | | | |

कम्पनी : BHETGHAT RESTAURANT शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२६५१ L.T. No.: 287263 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chawarma Maker. | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1500 | ५५,२३० | | | | | | | |
| 3. | General Clean Worker | 0 | 1 | | 1500 | ५५,२३० | | | | | | | |
| 4. | Waiter | 1 | 2 | | 1500 | ५५,२३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

PROGRESSIVE PLACEMENT SERVICES NEPAL (P.) LTD.
Lic. No.: 782/065/066
Buddhanagar-10, Baneshwor, Kathmandu, Phone: 4793286/4796958, Mob.: 9841597085
Email:progressiveplacementnepal@gmail.com, website:http://www.progressivenepal.com.np

**युएईमा रोजगार**

कम्पनी: EJADAH ASSET MANAGEMENT GROUP LLC शहर: UAE
पूर्व स्वीकृत मितिः 2024/10/30 चलानी नं.: ६०२२७४४० L.T. No.: 312205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 55 | 20 | सम्बन्धित काममा दक्ष | 800 | २९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Stewards | 65 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 3. | Room Attendants | 50 | 10 | | 1000 | ३६,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि. श्रम इजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank सँगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८
मोवाइल नं.: ९८०२३५५३९५, ९८०२३५५३९६, ९८०२३५५३९७

**साउदीमा रोजगारको अवसर**

कम्पनी : ROKEN DAJATI CATERING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४३९ LT. No.: 312998

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Utensils Cleaner | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २२ गते ( 7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851013724, 9851149144
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

**कुबेत र युएईमा रोजगार**

कम्पनी : TOWER RIDERS ROADS AND BUILDINGS CLEANING CONTRACTING CO.WLL शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०४/०२ चलानी नं.: ६०२२२३३५ L.T. No.: 307626 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Indoor Cleaner/Worker/Helper/Labor | 3 | 0 | स. काममा दक्ष | 150 | ६५,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : E H K CLEANING SERVICES L.L.C, शहर: UAE पूर्व स्वीकृत मितिः २०८१/०७/१४ चलानी नं.: ६०२२७४४५ L.T. No.: 313072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Female | 0 | 13 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner Male | 14 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 3. | Kitchen Helper | 25 | 0 | | 1000 | ३६,५५० | | | | | | | |
| 4. | Waiter | 20 | 0 | | 1200 | ४३,८६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कार्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कुबेतको १०,००० युएईको निःशुल्क |

R.B. OVERSEAS PVT. LTD.
श्रम इजाजत पत्र नं.: ७७२/०६५/०६६
Gongabu, Kathmandu | Phone: 01-4971215, 01-4971043
Mob.: 9801039446, 9801039447, 9802332363, 9802332364 Email:rboverseasnepal@gmail.com
ISO 9001:2015

### लुम्बिनी प्रदेश सरकारको सय दिन

# एक सय एक उपलब्धि सार्वजनिक

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, १४ कात्तिक

लुम्बिनी प्रदेश सरकारले एक सय दिनको अवधिमा सम्पादन गरेका एक सय एक उपलब्धि सार्वजनिक गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले पत्रकार सम्मेलनको आयोजना गर्दै सरकार गठनको एक सय दिनको अवधिमा सम्पादन भएका एक सय एक उपलब्धि सार्वजनिक गरेका हुन् ।



मुख्यमन्त्री आचार्यले नागरिकमा बढ्दै गएको निराशालाई आशामा रुपान्तरण गर्न, प्रदेश सरकारको भूमिकालाई स्थापित गर्न, सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन प्रदेश सरकार सफल भएको बताए । 'प्रदेश सरकारको फजुल खर्च रोक्न, मितव्ययिता कायम गर्न नवीनतम सन्देश जनस्तरमा प्रवाह भएको छ,' मुख्यमन्त्री आचार्यले भने, 'यस अवधिमा प्रदेश सरकारले नीतिगत र कानूनी सुधार, शासकीय सुधार र सुशासन, विकास व्यवस्थापन, वित्तीय प्रवन्ध, शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्र, कृषि र स्वरोजगारको क्षेत्र, पर्यटन, संस्कृति र पर्यावरण, सूचना प्रविधिको विकास र प्रयोग, गुनासो व्यवस्थापन, जनतासँगको संवादलगायतलाई प्राथमिकतामा राखेर कामकारबाही गर्दै आएको छ ।'

प्रदेशको आन्तरिक आयस्रोत वृद्धि गर्न राजस्वको दायरा फराकिलो बनाउने, आर्थिक अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्ने, अघिल्लो वर्षको दायित्व भुक्तानीलाई अघि बढाउने आधार तयार गरिएको मुख्यमन्त्री आचार्यको भनाइ छ ।

मुख्यमन्त्री आचार्यले गत साउन ९ गते पद तथा गोपनीयताको शपथ लिएका थिए । मुख्यमन्त्री आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख सचिव महादेव पन्थले स्वागत मन्तव्य राखेका थिए भने सचिव कृष्ण पौडेलले उपलब्धि सार्वजनिक गरेका थिए ।

**नीतिगत एवम् कानूनी सुधार**

यो अवधिमा प्रदेश सरकार नीतिगत एवम् कानूनी सुधार गर्ने काममा अघि देखिएको छ । प्रदेश सभा तथा प्रदेश सरकारबाट नीतिगत एवम् कानूनी सुधारका लागि विभिन्न कानून, कार्यविधि एवम् निर्देशिका जारी गरिएको, कानूनमा आवश्यक संशोधन, परिमार्जन गरिएको र केही अत्यावश्यक कानून एवम् कार्यविधि स्वीकृतिको अन्तिम चरणमा रहेको कार्यप्रगति विवरणमा उल्लेख छ । विषयगत मन्त्रालय/निकायबाट बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक कार्यविधि तर्जुमा गरी कार्यान्वयन समेत गरिएको मुख्यमन्त्री कार्यालयले जनाएको छ ।

**संगठन तथा व्यवस्थापन**

संगठनलाई चुस्त, छरितो र नतिजामुखी बनाइ सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्न प्रदेशका सबै मन्त्रालय्निकाय तथा कार्यालयको संक्षिप्तरुपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य सम्पन्न गरिएको र यसबाट प्रदेशको जम्मा कर्मचारी दरबन्दी संख्या चार हजार ७८ कायम भएको कार्यालयले उल्लेख गरेको छ ।

**शासकीय सुधार तथा सुशासन**

पूर्वविशिष्ट पदाधिकारीको नाममा दिइँदै आएको सेवा सुविधा (सवारी, इन्धन, मर्मतलगायत) फिर्ता गराउनेसम्बन्धी प्रदेश सरकारको निर्णय कार्यान्वयनमा आएको र पूर्वविशिष्टले चढ्दै आएको सवारी साधन फिर्ता भइसकेको कार्यालयले बताएको छ । लुम्बिनी प्रदेशको सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरणसम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना प्रदेश सरकारबाट स्वीकृत भएको छ । कार्ययोजनामा नैतिकता र सदाचारिता प्रवर्द्धनसम्बन्धी विभिन्न ११ वटा प्रमुख विषयक्षेत्र, सो अन्तर्गतका रणनीति, रणनीति कार्यान्वयनका लागि १०० बढी क्रियाकलाप, जिम्मेवार निकाय, नतिजा सूचक र कार्यान्वयन संयन्त्र समावेश गरिएको छ ।

**प्रदेश गौरवका आयोजनाको कार्यान्वयन**

बुटवलस्थित सुविधासम्पन्न १२ तले एक हजार दुई शैय्या रहने यस अस्पताल भवन ६ अर्ब १८ करोड बढीको लागतमा २०८५ साल पुससम्ममानिर्माण सम्पन्न गर्नेगरी शिलान्यास भइ कार्यारम्भ गरिएको कार्यालयले जनाएको छ । प्रदेश राजधानी राप्ती उपत्यका (देउखुरी) मा ३ अर्ब ९ करोड रुपैयाँको लागतमा प्रशासनिक केन्द्र जसमा मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय रहने गरी कार्य तीव्ररुपमा अघि बढेको कार्यालयले जनाएको छ । २०८२ सालभित्रै निर्माण सम्पन्न हुने लक्ष्यसहित हाल ६५ प्रतिशत काम पूरा भएको पनि कार्यालयको भनाइ छ । साथै, १ खर्बको लागतमा २० वर्षभित्र आधुनिक सहर निर्माण सम्पन्न गर्ने लक्ष्य अनुसार सरकारले नदी सभ्यतामा आधारित नमुना सहरका लागि साझेदार एवम् लगानीकर्ताखोज्न पहल गरिएको कार्यालयको भनाइ छ ।

**आर्थिक मामिला तथा राजस्व सुधार**

चालु आर्थिक वर्ष २०८१।०८२ देखि पाँच लाख वा सोभन्दा माथिका सबै आयोजना्कार्यक्रम अनिवार्यरुपमा प्याकेजिङ गरी टेण्डर प्रक्रियाबाट सार्वजनिक प्रतिस्पर्धाका आधारमा गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको छ । यसरी बचत हुने रकमलाई गत आर्थिक वर्षको दायित्व भुक्तानी गर्नेगरी व्यवस्थापन गरिएको छ । प्रदेशलाई आर्थिक रुपमा बलियो बनाउन राजश्वको दायरा वृद्धि गरिनुका साथै चालु खर्च कटौती गरिएको कार्यालयले बताएको छ । गत वर्षको बजेटभन्दा यस वर्ष २ अर्ब २९ करोड चालुतर्फ कम र पुँजीगत बजेटमा १ अर्ब ३२ करोड बजेट बढाइएको पनि कार्यालयले उल्लेख गरेको छ । राजस्व वृद्धि गर्न आर्थिक मामिला तथा योजनामन्त्रीको अध्यक्षतामा कार्यदल समेत गठन गरेर सरकारले काम अघि बढाएको कार्यालयको भनाइ छ ।

## विदेशमा रहेका नेपालीहरुको समस्या समाधानमा एनआरएनए सधैं सक्रिय : उपाध्यक्ष डा. शर्मा



**यूएई/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए)का उपाध्यक्ष डा. हेमराज शर्माले विदेशमा रहेका नेपालीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक समस्याहरूको समाधानमा संघको सक्रियता अझै बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

यूएईस्थित नेपाली समुदायका सदस्यहरूसँग दुबईमा मंगलबार भएको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उपाध्यक्ष डा. शर्माले सो प्रतिबद्धता व्यक्त गरेका हुन् ।डा. शर्मा संघको स्थापना दिवसको औपचारिक कार्यक्रम सम्पन्न गरी काठमाडौंबाट दुबई पुगेका हुन् ।

एनआरएनएको स्थापनादेखि हालसम्म संघले गरेका विविध कार्यहरूको चर्चा गर्दै उनले भने, 'एनआरएनए हाम्रो साझा संस्था हो र यसले विदेशमा रहेका नेपालीहरूको हक, हित र अवसरलाई प्रवर्द्धन गर्न सधैं क्रियाशील छ ।' डा. शर्माले गैरआवासीय नेपालीहरूलाई आफ्नो योगदान र अनुभवको माध्यमबाट संघलाई सहयोग गर्न आह्वान गरे । उनले विदेशमा रहेका नेपालीहरूको एकता र योगदानले मातृभूमिमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । साथै उनले भविष्यमा यस्ता अन्तरक्रियाहरूलाई निरन्तरता दिनुपर्ने बताए ।

उनले नेपाल र विदेशमा रहेका नेपाली समुदायलाई एक आपसमा जोड्न एनआरएनएले पुलको रूपमा कार्य गरेको उल्लेख गर्दै भने, 'यसलाई अझ सशक्त बनाउन सबैको सहभागिता र सहयोग आवश्यक छ ।'

यूएईको प्रमुख व्यावसायिक शहर दुबईमा आयोजित उक्त कार्यक्रममा एनआरएनए यूएईका अध्यक्ष विकास शाही तथा संघका सचिव मनोज श्रेष्ठले डा. शर्मालाई स्वागत गर्दै सम्मान प्रकट गरेका थिए । सो अवसरमा गैरआवासीय नेपालीहरूको मुद्दा र वर्तमान अवस्थामा संघको भूमिकाबारे छलफल गरिएको थियो ।

कार्यक्रममा सहभागी भएका एनआरएनएका अन्य पदाधिकारी र सदस्यहरूले पनि आ-आफ्ना धारणा व्यक्त गरेका थिए । आईसीसी सदस्य पुस्कर सापकोटाले संघले दीर्घकालीन विकास योजनाहरू अघि सार्नुपर्ने आवश्यकता औंल्याए । एनआरएनए यूएईका अध्यक्ष विकास शाहीले गैरआवासीय नेपालीहरूको भलाइ र सशक्तिकरणका निम्ति एनआरएनए यूएईले अन्य शाखाहरू र मातृसंस्थासँग सहकार्य गरिरहने वाचा गरे ।

कार्यक्रममा स्वागत मन्तव्य राखेका एनआरएनए यूएईका पूर्वअध्यक्ष ठाकुर प्रसाद ढुंगानाले संघभित्र एकताको विकल्प नरहेको बताउँदै सकेसम्म छिटो टुंग्याउनेपर्नेमा जोड दिए । कार्यक्रममा बोल्ने अन्य वक्ताहरुले संस्थाभित्र सहमति, सहकार्य र एकताको आवश्यकता रहेको बताएका थिए ।

## सुपादेउराली मन्दिरका बारेमा भ्रम फैलाउनु खेदजनक : नगरप्रमुख श्रेष्ठ

**सुरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, १४ कात्तिक

सुपादेउरालीमा चढाएको बलिको बोकाको मासु खाएर अर्घाखाँचीमा ३५ जना बिरामी भएको विषयले सुपादेउरालीको मान मर्यादामा आँच पुगेको सन्धिखर्क नगरपालिका अर्घाखाँचीका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताएका छन् ।



कात्तिक ११ गतेका दिन सन्धिखर्कका एक स्थानीयबासीले नरपानीस्थित सुपादेउरालीको पूजा गरी आफ्नो भाकल अनुरुप बोका चढाइ छिमेकीलाई प्रसाद खान बोलाई प्रसाद खान दिएका थिए । उक्त मन्दिरमा चढाएको बोका सन्धिखर्क आफ्नो घर नजिकबाट खरिद गरेका थिए । नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठका अनुसार उक्त भोजमा मासुको अपुग भइ अतिरिक्त मासु बजारबाट ल्याइ मिसाइएको थियो । उक्त भोज खाएको केही बेरमा मानिसहरु बिरामी पर्न थालेपछि बिरामीलाई अस्पताल पुर्‍याइएको थियो । बिरामीको स्वास्थ्य अवस्था सामान्य हुँदै गएको त्योक्रम अहिलेसम्म जारी रहेको र बिरामी पर्नेको संख्या ३५ पुगेको नगरप्रमुख श्रेष्ठले विज्ञप्तिमा उल्लेख्य गरेका छन् ।

यस विषयलाई लिएर विभिन्न सञ्चार माध्यम सामाजिक सञ्जालमा अर्घाखाँचीको धार्मिक आस्थाको केन्द्र सुपादेउराली मन्दिरको नाम जोडि समाचार प्रकाशन प्रशारण गरेको भन्दै नगरपालिकाका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले मन्दिरको नाम जोडि भ्रम नफिजाउन अनुरोध गरेका छन् । नगरप्रमुख श्रेष्ठले भनेका छन्,' आज सामाजिक सञ्जालको अवलोकन गर्दा जिल्लाका प्रख्यात व्यक्ति,सरोकारवाला र सर्वसाधारणले आफ्नो फेसबुक पेजमा मन्दिरका बारेमा भ्रम फिजाउने खालका सामग्री समाचार प्रसारण गरेको देख्दा दु:ख लागेको छ, यस्तो कार्य नगर्न उनले आग्रह गरेका छन् ।'

प्रसाद खानपुगेका व्यक्तिहरु किन बिरामी परेका हुन भन्ने कुरा प्रयोगशालामा बिरामीको चेक जाँच गरेपछि एकीन हुने कुरा उपचारमा संग्लन डाक्टरहरु जगन्नाथ तिवारी बताउँछन् । डाक्टर तिवारीका अनुसार खानामा विषादी मिसिनुका विभिन्न कारणहरु हुन्छन्, के कारण हो भन्ने कुरा ल्याब टेष्ट गरेपछि मात्र थाहा हुन्छ ।

यता मन्दिर व्यवस्थापन समितिले भनेको छ,'यहाँ हजारौं दर्शनार्थीहरु दिनहुँ आउँछन् । सयौंको संख्यामा बलि चढ्छन् । उक्त चढेका बलिको मासु प्रसाद र पिकनिक मनाउँदै ग्रहण गर्छन् । तर आजसम्म यस्तो भएको थिएन र ११ गतेका दिन पनि धेरै जनाले बलि चढाएका थिए । प्रसादको रुपमा सबैले ग्रहण गरेर जानू भएको थियो, तर त्यहाँ के कसरी खानामा विषादी परेछ । सम्बन्धित निकायले अध्ययन गर्ला तर सुपादेउरालीको प्रसाद खाएर बिरामी परे भन्नू खेदजनक छ ।' मन्दिर व्यवस्थापन समितिका अध्यक्ष फर्स बहादुर के.सीले सुपादेउराली मन्दिर सम्पूर्ण हिन्दु धर्मावलम्बीको आस्था र शक्तिको केन्द्रका साथै अर्घाखाँचीको लागि महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो । त्यसैले मन्दिर र अहिले सिर्जित समस्यालाई जोडेर सकरात्मक/नकारात्मक कुनै पनि स्टाटस आफ्नो सामाजिक सञ्जाल फेसबुकमा नराख्न र यस्तो किसिमको भ्रम नफैलाउन अनुरोध गरेका छन् ।

## ब्राउनसुगरसहित एक जना पक्राउ

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १४ कात्तिक

कपिलवस्तुको कृष्णानगरमा लागुऔषध ब्राउन सुगरसहित ३२ वर्षीय लवकुश भुजलाई प्रहरीले पक्राउ गरेको छ । लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवा र इलाका प्रहरी कार्यालय कृष्णनगरको संयुक्त टोलीले कृष्णनगर नगरपालिका २ स्थित बसपार्कबाट भुजलाई १५१ ग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएको हो ।



प्रहरीले भुजको कोठामा लुकाइएको चार थान तराजु र दुई थान मोबाइल पनि बरामद गरेको कपिलवस्तुका प्रहरी नायब उपरीक्षक मोहनमणी अधिकारीले दिए । साथै, अनुसन्धानका क्रममा थप दुई जनालाई पक्राउ गरिएको छ ।

थप पक्राउ पर्नेमा बुद्धभूमी नगरपालिका २ का २८ वर्षीय महेश थारु र बाणगंगा नगरपालिका १ का २४ वर्षीय विपुल थारु छन् । उनीहरूको साथबाट ९० हजार नगद र एक थान मोबाइल बरामद भएको छ । प्रहरीले कपिलवस्तु जिल्ला अदालतबाट सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाएको छ ।

**साउदीमा रोजगार**
कम्पनी: M.S. AL SUWAIDI INDUSTRIAL SERVICES CO. LTD. शहर: Saudi Arabia, Jubail
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७४२३ LT. No.: 312967

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 27 | 0 | स. काममा दक्ष | 1200 | ४२,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कात्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Nepal HR Solution Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com

**कुबेतमा रोजगार**
कम्पनी: AL GHIDA STAR BUILDING CONSTRUCTION COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७४३३ LT. No.: 313056

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 4 | 0 | स. काममा दक्ष | 120 | ५२,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: TAWAKKALNA COMPANY FOR PUBLIC FACILITIES MANAGEMENT शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७४३२ LT. No.: 313057

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Picker | 25 | 0 | स. काममा दक्ष | 120 | ५२,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL NASR AND SALAMA COMPANY FOR GENERAL TRADE शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७४३१ LT. No.: 313058

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fabricator | 20 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,०७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 15 | 0 | | 95 | ४१,५७२ | | | | | | | |
| 3. | Welder | 20 | 0 | | 135 | ५९,०७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ कात्तिक २२ गते (7 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-015918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np

**कतारमा रोजगार**
कम्पनी: AL ALEE FOR SERVICES AND MAINTENANCE शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०७/१४ चलानी नं.: ६०२२७३६१ LT. No.:312952

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 165 | 35 | स. काममा दक्ष | 1000 | ३६,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता दमक र विर्तामोड, झापामा २०८१ कात्तिक २५ गते (10 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता इटहरी, सुनसरीमा २०८१ कात्तिक २६ गते (11 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता पोखरा, कास्कीका २०८१ कात्तिक २७ गते (12 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता जनकपुर, धनुषामा २०८१ कात्तिक २८ गते (13 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ कात्तिक २८ गते (13 November 2024) मा हुनेछ ।

